सूर्य आफ्नो अस्ताउने स्थानबाट नउदाएसम्म महाप्रलय हुने छैन । र जब मानिसहरूले सूर्यलाई अस्ताउने स्थानबाट उदाइरहेको देख्नेछन्, तब सबैले ईमान (आस्था) स्वीकार्ने छन्

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नु भयो : "सूर्य आफ्नो अस्ताउने स्थानबाट नउदाएसम्म महाप्रलय हुने छैन । र जब मानिसहरूले सूर्यलाई अस्ताउने स्थानबाट उदाइरहेको देख्नेछन्, तब सबैले ईमान (आस्था) स्वीकार्ने छन्। यसै बखत बारे अल्लाहले भन्नुभएको छ: "त्यस दिन ईमान स्वीकार्न ले पहिले ईमान स्वीकार नगरेको वा ईमान स्वीकार गरी पुण्यकर्म नगरेको व्यक्तिलाई कुनै लाभ दिनेछैन ।[कुरआनः अल-अन्आम - ६ : १५८], र कयामत (महाप्रलय) को दिन यति छिट्टै आउनेछ, कि दुई जना मानिस कपडा किनबेच गरिरहेका हुनेछन्, तर त्यसलाई किन्न वा बेच्न र पट्याउन पाउनेछैनन्। र कयामत यसरी एक्कासि आउनेछ कि एक जना मानिस आफ्नो ऊँटनीको दूध निकालेर फर्किरहेको हुनेछ, तर त्यो दूध पिउन सक्ने छैन। र महाप्रलयको दिन यसरी अकस्मात् आउनेछ कि एक जना मानिसले आफ्नो इनारलाई माटोले लिपेर तयार पारिरहेको
हुन्छ, तर त्यसबाट पानी खान सक्ने छैन । र प्रलयको दिन यसरी एकाएक आउनेछ, कि मानिसले खाना आफ्नो मुखतिर उठाउनेछ तर त्यो गास खान सक्नेछैन।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, प्रलयको दिनको ठूलो निशानीहरू मध्ये यो हो कि सूर्य पूर्वबाट नउदाएर पश्चिमबाट उदाउने छ, र जब मानिसहरूले यो देख्नेछन्, तब सबैजना अल्लाह प्रति आस्तिक हुनेछन् । तर त्यसबेला, काफिर (अविश्वासी) लाई न त ईमान स्वीकार्नले कुनै फाइदा पुर्याउँछ न त पुण्यले न त पश्चात्तापले (लाभ पुर्याउँछ) । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: मानिसहरू आफ्नो दिनचर्यामा व्यस्त हुनेछन् र कयामत (प्रलय) अचानक आई पर्नेछ । र प्रलयको दिन यसरी अकस्मात् आउनेछ, कि बिक्रेताले क्रेताको अगाडि (देखाउन निम्ति) कपडा फैलाउने छ, तर न त किनबेच गर्न सक्नेछन् न त पट्याउनै सक्नेछन् । र प्रलयको दिन यसरी एक्कासी आउनेछ, कि एक व्यक्तिले आफ्नो ऊँटको दूध निकालिसकेको हुनेछ, तर पिउन सक्नेछैन। र प्रलयको दिन यसरी एकाएक आउनेछ, कि मानिसले आफ्नो पानीको कुण्डलाई माटोले लिपेर तयार पारिरहेको हुन्छ, तर त्यसबाट पानी खान मौका पाउनेछैन । र प्रलयको दिन यसरी आई पर्नेछ, कि एक व्यक्तिले गाँस मुखतिर लगिसकेको हुनेछ, तर त्यसलाई खान सक्नेछैन ।

http://www.sunnah.global/hadeeth/ne/show/65026